श्री
काठमाडौं जिल्ला अदालत
इजलास
माननीय न्यायाधीश श्री ईश्वरी प्रसाद भण्डारी
आदेश
मुद्दा नं. ०८२-C१ -७०५५

डा. दिपेन्द्र पाण्डे समेतको प्रतिवेदन जाहेरीले नेपाल सरकार..................................वादी

विरुद्ध

चेतन ए.एम (पौडेल) ..........................................................................प्रतिवादी

मुद्दाः इलाज सम्वन्धि कसूर।

यसमा अभियोगपत्र साथ उपस्थित गराईएका प्रतिवादी चेतन ए.एम.(पौडेल)को वयान लिने कार्य सम्पन्न भई थुनछेक प्रयोजनको लागि वादी नेपाल सरकारको तर्फवाट उपस्थित विद्वान जिल्ला न्यायाधिवक्ता श्री गोविन्द प्रसाद हुमागाई र प्रतिवादी चेतन ए.एम.को तर्फवाट उपस्थित विद्वान अधिवक्तात्रय श्री दिपेन्द्र झा, श्री आमितेश पंडित र श्री आकाश महतोले गर्नु भएको वहस जिकिर समेत सुनी मिसिल संलग्न कागजातको अध्ययन गरियो।

प्रतिवादी चेतन ए एम पौडेललाई मुलुकी अपराध संहिता, २०७४ को दफा २३० को उपदफा (१) वमोजिमको इलाज सम्वन्धि कसूरमा सोही संहिताको दफा २३० को उपदफा (३) वमोजिम सजायं हुन मागदावी लिई अभियोगपत्र दायर भएको देखिन्छ।

थुनछेक तर्फ विचार गर्दा, यि प्रतिवादी चेतन ए.एम.पौडेलले अनुसन्धान अधिकारी र यस अदालत समक्षको वयानमा आफु Bachelor In Naturopathy and Yogic Sciences (BNYS) गरी स्पार्क इन्टरनेशनल हेल्थ रिसोर्ट प्रा.लि. चन्द्रागिरी ८ मा कार्यरत रही आएकी छु। यो प्रा.लि.ले विरामीहरुको उपचारको लागी आवस्यक विभिन्न जांचपडताल तथा ल्याव परिक्षण समेतका कार्यहरु गर्ने अथोरिटी (अधिकार) रहेको छ, भने सो अनुसारको उपचारको लागि आवस्यक पर्ने विभिन्न जाँचपरिक्षण गर्नुलाई अनावस्यक रुपमा अतिरन्जित गरीएको हो। म एक प्राकृतिक चिकित्सक हुं, मैले सोको दर्ता गर्ने आधिकारीक निकाय (नेपाल स्वास्थ्य व्यवसायी परिषद)मा दर्ता नं. A-02 med NYL हो भने उक्त ISSUE Date 01/05/2005 हो। सोको (BNYS) इजाजत पत्र प्राप्त गरी १८/२० वर्ष अघिदेखि निरन्तर प्राकृतिक चिकित्सकको रुपमा काम गर्दै आइरहेंको अवस्थामा, हुंदै नभएको गलत प्रचार गरी मलाई वदनाम गर्ने उद्देश्य लिई झुठा प्रतिवेदन तयार गरी अभियोग लगाउने काम भएको हो। मैले स्वास्थ्य व्यवसायी परिषदवाट

तोकिएको मापदण्ड अनुसारको कोड अफ इथिक्सको गाइड लाइन अनुसारको जिम्मेवारी निर्वाह गरेकी छु। कुनै पनि इलाज सम्वन्धि कसूर गरेकी छैन भनि कसूरमा पुर्णत इन्कार रही वयान गरेको देखिन्छ।

प्रतिवादी उपरको डा .दिपेन्द्र पाण्डे समेतको प्रतिवेदन जाहेरी, मिसिल मिसिल संलग्न घट्ना विवरण कागज गर्ने खिमराज अधिकारीको भनाई व्यहोरा, प्रतिवादीले अदालतमा वयान गर्दा कसूरमा इन्कार रहेको प्रतिवादी NHPC मा दर्ता भएको पेश भएको निजका प्रमाणपत्रवाट देखिएकोले निजले SPARK INTERNATIONAL Health resort pvt LTD संचालन गरेको देखिएको अभियोजन साथ पेश भएको नेपाल स्वास्थ्य व्यवसायी परिपदको Code OF Ethics NATUROPATHY professional को आचार संहिता मा उल्लेखित व्यवस्था समेतका मिसिल संलग्न तत्काल प्राप्त प्रमाणवाट धरौटी माग गर्नुपर्ने सम्मको अवस्था नदेखिई हाललाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६९ वमोजिम यि प्रतिवादी चेतन ए. एम. (पौडेल)लाई तारेखमा राखी प्रस्तुत मुद्दाको पुर्पक्ष गर्ने गरी यो आदेश गरिदिएको छ।

प्रस्तुत मुद्दामा प्रतिवादी चुक्ता भई सकेको हुँदा प्रतिवादीको साक्षी निजै मार्फत, जाहेरवाला, मौकामा कागज गर्ने मानिसहरु लगायतका वादी नेपाल सरकारका साक्षीहरु वकपत्रको लागि जिल्ला सरकारी वकील कार्यालय मार्फत उपस्थित गराउन लगाई उपस्थि भए वकपत्र गराई नियमानुसार गरी पेश गर्नू।

(जिल्ला न्यायाधीश)

आदेश सुनी सही गर्ने

निज प्रतिवादी चेतन ए एम (पौडेल)

इति सम्वत २०८३ साल असार महिना १५ गते रोज २ शुभम्..............................................।

मुद्दा नं. ०८२-C1-७०५५

काठमाडौं जिल्ला अदालतका माननीय जिल्ला न्यायाधीश श्री ईश्वरी प्रसाद भण्डारीको इजलास समक्ष आपराधिक इलाज सम्बन्धी कसूर मुद्दाका प्रतिवादी चेतन ए. एम. पौडेलले गरेको बयान.............।

सवालः-१. तपाईको बुबा आमाको, तपाईको नाम, उमेर, पेशा, वतन र सम्पर्क नम्बर खुलाई दिनुहोस्।

जवाफः-१. मेरो बाजेको मान्दाना ए एम हो। बुबाको नाम मोन्नपा ए एम हो। आमाको नाम खावेरी ए एम हो। मेरो श्रीमानको नाम डा. सुनिल कुमार पौडेल हो। मेरो नाम चेतन ए एम पौडेल हो। म वर्ष ४७ को भएँ। मेरो घर चन्द्रागिरी नगरपालिका वडा नं.०८ मा पर्दछ। म स्पार्क इन्टरनेशनल हेल्थ रिसोर्ट प्रा.लि. चन्द्रागिरी ८ मा डाक्टर पदमा कार्यरत रहेकी छु। सम्पर्क नम्बर ९८१६१९८४६८ हो।

सवालः-२. तपाई आज यस अदालतमा किन उपस्थित हुनुभएको हो? खुलाई दिनुहोस्।

जवाफः-२ डा दिपेन्द्र पाण्डे समेतको प्रतिवेदन जाहेरीले वादी नेपाल सरकार प्रतिवादी म भएको इलाज सम्बन्धी कसूर मुद्दामा पकाउ परी अभियोग पत्रसाथ बयानको लागि उपस्थित भएको छु।

सवालः-३. तपाईको शारीरिक तथा मानसिक अवस्था कस्तो छ ? सोधिएका प्रश्नहरुको जवाफ दिन सक्नु हुन्छ, हुदैन ?

जवाफः-३. मेरो शारीरिक तथा मानसिक अवस्था ठीक छ। सोधिएका प्रश्नहरुको जवाफ दिन सक्छु।

सवालः-४.तपाईलाई पकाउ गर्ने प्रहरी कर्मचारीहरुसँग चिनजान छ, छैन? कुनै रिस, ईवि, लेनदेन, नाता छ, छैन? खुलाई दिनुहोस्।

जवाफः-४. प्रतिवेदन जाहेरी दिने व्यक्ति निजसँग मेरो चिनजान छैन। निजसँग चिनजान नभएपछी अरु झगडा र रिसईवी नाता सम्बन्ध हुने कुरा भएन।

सवालः-५. तपाईले प्रस्तुत मुद्दामा कानून व्यवसायी राख्नु भएको छ, छैन ?

जवाफः-५. प्रस्तुत मुद्दामा कानून व्यवसायी राखेको छु।

सवालः-६. तपाईले आज यस अदालतमा आफ्नो स्वेच्छाले बयान गर्दै हुनुहुन्छ, तपाईलाई बयानको लागि कुनै करकाप गरिने छैन। यसभन्दा अघि कुनै फौजदारी मुद्दामा सजाय पाउनुभएको छ, छैन?

जवाफः-६.मैले आफ्नो स्वेच्छाले बयान गर्दै छु, मलाई बयान गर्न कुनै करकाप गरेको छैन। यस भन्दा अघि कुनै पनि फौज्दारी कसूरमा सजाय पाएकी छैन।

सवालः-७. तपाईको परिवारिक संख्या, आय स्रोत तथा आर्थिक अवस्था खुलाई दिनुहोस् ?

जवाफः-७. मेरो परिवारमा श्रीमान २ वटा छोरी र म गरी ४ जना रहेका छौं। आर्थिक अवस्था ठिकै छ।

सवालः-९. तपाईलाई मिसिल संलग्न डा. दिपेन्द्र पाण्डे समेतको जाहेरी बेहोरा देखाइ सुनाइन्छ। सो सम्बन्धमा तपाईको भनाई के छ? बताइदिनुहोस्।

जवाफः-९. प्रहरी प्रतिवेदन बेहोरा सुनि पाएँ। उक्त बेहोरा झुठा हो। उक्त प्रतिवेदनमा मलाई डा नै होइन भ्रनिएको छ। मैले डाक्टर भएको नाताले रगत जांच परिक्षण समेतका कार्य गराउने गरेको हों। प्रतिवेदनमा उल्लेख भए जस्तो विरामीहरुलाई अनावस्यक डर देखाई धम्काउने लगायतका कुनै पनि कार्य मैले गरेकी छैन। एक डा. भएको नाताले आफुलाई तोकिएको जिम्मेवारी पुरा गर्ने क्रममा विभिन्न जांच परिक्षणको लागी लेखि पठाउने कुरा अन्यथा हो जस्तो लाग्दैन।

सवाल १०- तपाईले अधिकारप्राप्त अधिकारी समक्ष गरेको बयान पढी वाची सुनाइन्छ, के कसो हो? खुलाइदिनुहोस्।

जवाफ १०- उक्त बयान पढी वाची सुनी पाएँ। उक्त बयान बेहोरा ठिक हो। मैले उंक्त बयानमा लेखिएको सबै कुरा ठिकै हो। मेरो नाउँ मेडिकल काउन्सिलमा दर्ता छैन। स्वास्थ्य व्यवसायी परिषदमा दर्ता छ। सो दर्ता अनुसार मैले आफ्नो काम जिम्मेवारी निभाएको मा अनावस्यक रुपमा मलाई दोषारोपण गरी मेरो चरित्र हत्या गर्न तथा मेरो क्यारियरलाई नै ध्वस्त पार्ने हिसावले सुनियोजित षडयन्त्र गरेका मात्र हुन । उक्त बयान व्यहोरामा भएको सहिछाप देखाउंदा देखि पाए उक्त सहिछाप मेरो आफ्नै हो। मैले विना इजाजत उपचारमा संलग्न भई इलाज सम्वन्धि कसूर गरेको छैन।

सवालः-११ तपाईलाई बुझिएका मानिस खिमराज अधिकरीले गरेको घटनाविवरण कागज पढी वाची सुनाइन्छ ,के कसो हो? खुलाइदिनुहोस्।